धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२७ ◆ २०८३ जेष्ठ ३० गते शनिबार, Saturday, June 13, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## कांग्रेस बलियो भए मात्र लोकतन्त्र बलियो हुन्छः नेता डा कोइराला

मोरङ । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नेपाली कांग्रेस बलियो भएमा मात्र लोकतन्त्र बलियो हुने बताउनुभएको छ ।

गिरिजाप्रसाद कोइराला लेबर फाउण्डेशनद्वारा विराटनगरमा आयोजित श्रमिकलाई दिने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सचेतना तालिमको शुक्रबार उद्घाटन गर्दै नेता डा कोइरालाले पार्टी बलियो भएमा संविधानको कार्यान्वयन र लोकतन्त्र मजबुत हुने धारणा राख्नुभयो । नेता डा कोइरालाले पार्टीको विशेष महाधिवेशनपछि पार्टीभित्र देखिएको तिक्तता हटाउन पार्टीमा बृहत एकता आवश्यक रहेको चर्चा गर्नुभयो । उहाँले पार्टी सङ्गठित बनाउन आफू एकता अभियानमा लागेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले सङ्गीय संस्था सङ्ख्यात्मक रुपमा कांग्रेस कमजोर अवस्थामा रहेकाले पार्टीलाई एक ढिक्का बनाएर लैजानुको विकल्प छैन ।"

नेता डा कोइरालाले पार्टीमा के कारणले विवाद आयो, त्यो विषयमा नेतृत्व तहले सबैसँग बसेर वार्ता एवं छलफलबाट समाधान खोज्नु जरुरी रहेको बताउनुभयो ।

## नवनियुक्त राखेप उपाध्यक्ष र बोर्ड सदस्यको स्वागत

काठमाडौं । नेपाल ओलम्पियन एशोसिएशन र नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी सङ्घले राष्ट्रिय खेलकुद परिषद् (राखेप) का नवनियुक्त उपाध्यक्ष र बोर्ड सदस्यहरुलाई शुक्रबार स्वागत गरेको छ ।

त्रिपुरेश्वरस्थित खेलाडी सङ्घको कार्यालयमा संयुक्त आयोजित कार्यक्रममा ओलम्पियन एशोसिएशन र खेलाडी सङ्घले पदाधिकारीलाई स्वागत गरेको हो । राखेपका नवनियुक्त उपाध्यक्ष विशाल श्रेष्ठ तथा राखेप सदस्यहरु सिक्का सुवाल श्रेष्ठ, शक्तिप्रसाद गौचन र पवन शाहीलाई ओलम्पियन एशोसिएशनका अध्यक्ष दीपक विष्ट, खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठलगायतले स्वागत गर्दै कार्यकाल पूर्ण सफलताका लागि शुभकामना दिनुभयो । ओलम्पियन एशोसिएशन र खेलाडी सङ्घले आ-आफ्नोतर्फबाट मायाको चिनो प्रदान गर्नुभयो । बोर्ड सदस्यमा नियुक्त मोनालिशा खम्बू भने नेपाल बाहिर हुनुहुन्छ ।

## प्रहरीले बोली व्यवहार सुधारेर व्यवसायिकता प्रदर्शन गरोस्

काठमाडौं । प्रहरी प्रधान कार्यालयले प्रहरी कर्मचारीहरूले बोली, वचन र व्यवहारमा सुधार गरी अनुशासित एवम् कर्तव्यनिष्ठ भई उच्च व्यावसायिकता प्रदर्शन गर्नुपर्नेमा जोड दिएको छ ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बोली, वचन र व्यवहारमा सुधार गरी आफूलाई प्राप्त जिम्मेवारी उच्च व्यवसायिकताका साथ निर्वाह गर्नुपर्ने बताउनुभयो । हाले सरूवा भई आआफ्नो कार्यक्षेत्रमा जान लागेका प्रहरी निरीक्षक हरूलाई नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा उत्कृष्ट कार्य सफलताको शुभकामना दिँदै उहाँ आआफ्नो क्षेत्रमा देखा पर्नसक्ने सुरक्षा चुनौतीको विश्लेषण गरी सोही अनुरूप सुरक्षा योजना अवलम्बन गर्नुपर्ने बताउनुभयो । नेपालको संविधान, ऐन, कानुनले निर्दिष्ट गरेको जिम्मेवारी पूर्ण निष्ठावान रही बहन गर्न निर्देशन दिँदै प्रहरी महानिरीक्षक कार्कीले सूचना सङ्कलनलाई प्रमुख प्राथमिकतामा राखी समाजमा शान्ति सुव्यवस्था कायम गर्न जनशक्तिको प्रभावकारी व्यवस्थापन एवं परिचालन गर्नुपर्ने बताउनुभयो ।

प्रहरी महानिरीक्षक कार्कीले व्यक्तिगत स्वार्थभन्दा साङ्गठनिक स्वार्थलाई केन्द्रबिन्दुमा राखेर सङ्गठनको नीति निर्देशनको प्रभावकारी कार्यान्वयन गर्दै सङ्गठनको साख वृद्धि हुने गरी कार्यसम्पादन गर्न उपस्थित प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो । सम्पूर्ण प्रहरी कर्मचारीले पारदर्शी, कानुनसम्मत र विभेद्रहित ढङ्गले आआफ्नो जिम्मेवारी बहन गर्दै नागरिकको अपेक्षा अनुरूप सेवा प्रवाहमा कटिबद्ध हुन उहाँले निर्देशन दिनुभयो ।

## विश्वकपका खेल प्रदर्शन गर्न अनुमति लिनुपर्ने

काठमाडौं । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले शुक्रबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सो भेटवार्तामा नेपाल-चीनबीच कृषि, पशुपन्छी, मत्स्य, वन तथा वातावरण क्षेत्रको सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको थियो । उहाँहरुबीच कृषि आधुनिकीकरण तथा यान्त्रिकीकरण, द्विपक्षीय सम्झौताहरूको कार्यान्वयन, कृषि व्यापार प्रवर्द्धन, रोग नियन्त्रण, प्रविधि हस्तान्तरण, प्राविधिक सहयोगलगायत विषयमा समेत छलफल भएको उहाँको सचिवालयले जनाएको छ । सो अवसरमा मन्त्री चौधरीले उच्च मूल्यका नेपाली कृषि उत्पादनहरूको चिनियाँ बजारमा पहुँच विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै यसका लागि चीन सरकारको सहयोगको अपेक्षा गर्नुभयो । साथै ताप्लेजुङको सीमावर्ती क्षेत्रमा याक तथा चौँरीको आवागमनसँग सम्बन्धित समस्या समाधानका लागि चिनियाँ पक्षको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो ।

चीनको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै कृषि, वन, जलवायु परिवर्तन अनुकूलन, प्रविधि हस्तान्तरण, लगानी प्रवर्द्धन तथा मानव स्रोत विकासका क्षेत्रमा सहकार्य थप विस्तार गर्न चीन तयार रहेको बताउनुभयो ।

# धमाधम बक्यौता तिर्दै औद्योगिक क्षेत्रका उद्योग

*प्रत्यूष समाचारदाता*

काठमाडौं । औद्योगिक क्षेत्रभित्रका भौतिक संरचना प्रयोग गरेबापतको महसुल बुझाउन अटेर गरेका उद्योगले कारबाही गर्ने सरकारको चेतावनीपछि धमाधम बक्यौता बुझाउन थालेका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सात दिनभित्र बाँकी महसुल नबुझाए कानुनअनुसार बक्यौता रकम असुल उपर गर्ने चेतावनी दिएपछि विभिन्न १० वटा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगले महसुल बुझाउन थालेका हुन् ।

औद्योगिक क्षेत्रमा सञ्चालनमा रहेका उद्योगहरुले पछिल्लो सूचनाका आधारमा रु एक करोडभन्दा बढी बक्यौता भुक्तानी गरिसकेका लिमिटेडका सूचना अधिकारी वासुदेव सोडारीले राससलाई जानकारी दिनुभयो । सरकारको स्वामित्वमा रहेको लिमिटेडले यही जेठ २५ गते सूचना जारी गर्दै उद्योगलाई सात दिनभित्र बक्यौता रकम बुझाउन निर्देशन दिएको थियो । ३०० भन्दा बढी उद्योगले महसुलवापत रु ८८ करोडभन्दा बढी बक्यौता तिर्न बाँकी छ । उद्योगमन्त्री गौरी कुमारीले उद्योगीले तिर्नुपर्ने बक्यौता तत्काल असुल गर्न निर्देशन दिनुभएको थियो । लिमिटेडका अनुसार पाटन औद्योगिक क्षेत्रका उद्योगले रु १० करोड १० लाख, बालाजुका उद्योगले रु ४३ करोड ८९ लाख, हेटौँडाका उद्योगले रु २० करोड ९० लाख, धरानका उद्योगले ७१ लाख र पोखरा औद्योगिक क्षेत्रका उद्योगले रु चार करोड ४१ लाख महसुल तिर्न बाँकी छ ।

यस्तै बुटवल औद्योगिक क्षेत्रका उद्योगले रु चार करोड ५७ लाख, नेपालगञ्जका रु एक करोड ३४ लाख, वीरेन्द्रनगरका उद्योगले रु छ लाख, भक्तपुरका उद्योगले रु एक करोड ७१ लाख र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रका उद्योगले रु ६३ लाख बक्यौता तिर्न बाँकी रहेको लिमिटेडले जनाएको छ ।

उद्योगीबाट बक्यौता नउठ्दा औद्योगिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मत र उद्योगलाई प्रदान गर्ने सेवा सुविधा उपलब्ध गराउन कठिनाइ भइरहेको लिमिटेडले जनाएको छ । औद्योगिक क्षेत्रमा सम्झौता अनुसार स्थापना भएका उद्योगले कार्यालय बाट उपलब्ध जमिन, भवन, विद्युत् र पानीलगायतको सेवा प्रयोग गरेवापत नियमित बुझाउनुपर्ने महसुल बुझाउन पटकपटक ताकेता गर्दा पनि अटेर गरेको लिमिटेडले जनाएको छ । सूचनापछि उद्योगीहरु कार्यालयमा बुझ्न आउने र विस्तारै बक्यौता तिर्नेको सङ्ख्या बढेको छ । "थोरै बक्यौता भएका उद्योगले महसुल बुझाउन थाल्नुभएको छ", उहाँले भन्नुभयो । बक्यौता रकम धेरै भएका उद्योगले पनि महसुल व्यवस्थापनमा जुटेका छन् ।

"उहाँ (उद्योग) हरुले 'स्टेटमेन्ट' लिएर जानुभएको छ, महसुलमा छुट पाए हुन्थ्यो भन्ने उद्योगीको भनाइ छ", सूचना अधिकारी सोडारीले भन्नुभयो, "बक्यौताको जरिवाना नलिने व्यवस्था गर्न उहाँहरुले आग्रह गर्नुभएको छ, कतिपय उद्योगीले धरौटीका रुपमा राखिदिनु भनेर बक्यौता भुक्तानी गरिरहेका छन् ।" औद्योगिक क्षेत्र व्यवस्थापनले २०७५ मङ्सिर ५ गते सञ्चालक समितिले सबै औद्योगिक क्षेत्रहरुको भाडा वृद्धिको निर्णय गरेको थियो । त्यसबेला औद्योगिक क्षेत्र व्यवस्थापनले उपत्यका र बाहिरका औद्योगिक क्षेत्रमा (बाँकी पृष्ठ ३ मा)

## प्रदेशसभा बैठकमा वार्षिक प्रतिवेदन पेस

*प्रत्यूष समाचारदाता*

विराटनगर । कोशी प्रदेशसभाको शुक्रबार को बैठकमा महालेखापरीक्षकको आर्थिक वर्ष २०८१/८२ को आठौं वार्षिक प्रतिवेदन पेस भएको छ । प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले उक्त प्रतिवेदन पेस गर्नुभएपछि सभामुख अम्बरबहादुर विष्टले आवश्यक छलफलका लागि सार्वजनिक लेखा समितिमा पठाउने जानकारी सदनलाई दिनुभयो ।

बैठकको विशेष समयमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कोशी प्रदेशसभा संसदीय दलको तर्फबाट राजन कार्कीले किमाथाङ्का मार्गलाई व्यवस्थित गर्न सरकारसँग माग गर्नुभयो । उहाँले किमाथाङ्का सडक कोशी प्रदेशका निम्ति समृद्ध र विकासका आधार बन्ने भएकाले प्रदेश सरकारले उक्त मार्ग व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

तिब्बत र चीनसँग व्यापार विस्तार गर्न किमाथाङ्का नाकासँगै भन्सार, अध्यागमन र क्वारेन्टाइन कार्यालयलाई व्यवस्थित गर्नुपर्ने भन्दै उहाँले यो नाका कोशी प्रदेशको विकासका लागि उत्तरी ढोका हो भन्नुभयो । बैठकको शुन्य समयमा प्रदेशसभा सदस्य गोम्बू शेर्पाले आगामीमा आर्थिक वर्षको बजेट सरकारले कुनै पनि किसिमको त्रुटी गर्ने छुट नभएको बताउनुभयो ।

सदस्य मीन श्रेष्ठले नेपाल-भारतको सीमामा हुने अवैध क्रियाकलाप लाई रोक्न स्थानीय जनताले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो ।

सदस्य किशोरचन्द्र दुलालले नेपाली जनता दिनप्रतिदिन महँगीको मारमा परिरहेकाले यसबाट जोगाउन सरकारले प्रभावकारी योजनासहित आवश्यक कदम चाल्नुपर्ने सुझाव दिनुभयो ।

## बाल सैनिकको प्रयोगलाई समेटेर कानुन निर्माण गर्न आदेश

काठमाडौं । सर्वोच्च अदालतले सत्य निरुपण तथा मेलमिलाप आयोगको ऐनमा बाल सैनिकको प्रयोगलाई समेटेर कानुन निर्माण गर्न निर्देशनात्मक आदेश गरेको छ ।

न्यायाधीशहरु सपना प्रधान मल्ल, सुनिलकुमार पोखरेल र शान्तिसिंह थापाको पूर्ण इजलासले सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको तेस्रो संशोधनले मानव-अधिकारको गम्भीर उल्लङ्घनको परिभाषाबाट बाल सैनिकको प्रयोगलाई वञ्चित गरेको देखिएकाले समेट्ने गरी कानुन निर्माण गर्न सरकारका नाममा निर्देशनात्मक आदेश दिएको हो । आदेशमा भनिभएको छ, "अदालतले १८ वर्ष वा सोभन्दा मुनिका बालबालिकाहरुलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग पूर्णतः निषेधित गरी यस्ता काम कारबाहीलाई दण्डनीय अपराध ठहर गर्ने गरी कानुन निर्माण गर्नु राज्यको दायित्व हुँदा सोतर्फ तत्काल पहल गर्नु भनी विपक्षी सरकारी निकायका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ।"

बाल लडाकु लेनिन विष्टले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि सशस्त्र द्वन्द्वको क्रममा बाल सैनिकहरु भर्ना गरी प्रयोग गरेको मुद्दामा तत्कालीन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र वरिष्ठ नेता बाबुराम भट्टराईलाई युद्ध अपराधमा अभियोजन गर्न संविधानले नै सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेको उल्लेख गरेको छ ।

आदेशमा भनिएको छ, "आयोगहरु समक्ष उजुरी दर्ता गरिसकेका र आयोगबाट २०८० जेठ २५ गते पत्रमार्फत सोसम्बन्धी जानकारी प्रदान गरिसकेको देखिँदा सशस्त्र द्वन्द्वको समयमा भएका कमान्डरस्तरका निर्णयहरुका लागि व्यक्तिगत जवाफ देहिताको प्रश्न खुला नै रहेको र यसको संवैधानिक रुपमा स्थापित सङ्क्रमणकालीन न्याय संयन्त्रहरुबाट तयार प्रतिवेदन, सिफारिस मार्फत सम्बोधन हुने नै हुँदा यसमा थप केही बोलिरहन पर्ने देखिएन ।"

बाल लडाकुहरुलाई सेना समायोजनमा आयोग्य ठहर गर्दै प्रतिव्यक्ति रु १० हजार दिएर बिदा गरिएको र पछि प्रतिव्यक्ति रु दुई लाख दिने भनिए पनि सबैले नपाएको आदेशमा भनिएको छ । साथै, आदेशमा स्वैच्छिक अवकाशमा गएका वयस्क लडाकुहरुले भने रु पाँच लाखदेखि रु आठ लाख पाइएको उल्लेख छ । अदालतले निवेदक र निवेदकसँग जोडिएका व्यक्तिहरुलाई सम्मानपूर्वक पहिचान दिनु न्यायोचित हुँदा अब राज्यका निकायहरुले द्वन्द्वबाट प्रभावित सेनामा समायोजन हुन नसकेका व्यक्तिहरुलाई राज्यबाट जारी हुने दस्तावेज तथा अभिलेखमा अयोग्य, बहिर्गमित जस्ता अपमानजनक पहिचान हुने खालका शब्दहरु प्रयोग नगर्न परमादेश गरेको छ ।

## सम्पादकीय ....

# रोजगारी प्राथमिकता

राजनीति व्यक्तिगत स्वार्थ पूर्ति गर्ने वा कसैलाई पदमा पुऱ्याउने माध्यम नभई देशलाई सही दिशा दिने साधन हुनु पर्छ । यसका लागि वडा तहदेखि नै राजनीतिक संस्कार परिवर्तन गर्न आवश्यक छ ।

पछिल्लो समय प्रधानमन्त्री वालेन्द्र शाहलाई नेपाल सरकारका एक सचिवले आफूलाई राजदूत बन्न सहयोग गर्नुपर्ने आसयको एसएमएस पठाउनुभएकोमा उहाँमाथि जुन छानबिन र सोधपुछ भएको समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशन/प्रसारण भए; यसले पनि सरकार भनसुन, कृपावादका आधारमा नभई खुला प्रतिस्पर्धाका आधारमा योग्य र सक्षम व्यक्तिलाई राज्यको उच्च र योग्य पदमा पुऱ्याउने कार्यप्रति गम्भीर र सूक्ष्म ढङ्गले अगाडि बढिरहेको छ भन्ने अर्को सन्देश प्रवाह गरेको छ ।

बेला बेलामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि नै विभिन्न स्वार्थ समूह र तत्वहरूबाट धावा बोल्ने कामसमेत भए । सुशासन र कानुनी राज्यको पालना नहुँदा भ्रष्टाचारको पारो निकै माथि चढ्यो । यतिबेला प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेले अघि सार्नुभएको सुशासन, पारदर्शिता र उत्तरदायित्वको दृष्टिकोण अनुसार सबैले आफ्नोतर्फबाट देशका लागि योगदान दिनुपर्ने बेला आएको छ। २०८२ भदौ २३ को जेनजी विद्रोहमाथिको दमन र भदौ २४ मा भएको प्रदर्शनका क्रममा जलेका राज्यका भौतिक संरचनाको पुनर्निर्माण गर्नुपर्ने छ। किसानलाई सिँचाइ र रासायनिक मल, विद्यार्थीलाई समयमै पाठ्यपुस्तक; भत्किएका पुल, सडक, सिँचाइ आयोजनाका साथै राष्ट्रिय गौरवका आयोजना निर्माणमा भएका ढिलासुस्ती, तोडिएका ठेक्काहरू निर्धारित लागतमै गुणस्तीय ढङ्गबाट प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने छ । त्यसै गरी राज्यको प्रमुख दायित्व रोजगारीका अवसर सिर्जना गर्नु र निजी क्षेत्रलाई फस्टाउन अनुकूल वातावरण बनाउनु पनि हो । त्यसका लागि उद्योग व्यवसायमा प्रतिकूल असर नपर्ने नीति लिई राज्य अगाडि बढ्नु पर्छ । सरकारसँग जनअपेक्षा पनि यही नै छ ।

सरकारले आयात रोक्दै आफ्नै देशमा उत्पादन गर्न सके, उत्पादन वृद्धिसँगै उपभोग गर्ने मात्र नगरी विदेशमा निर्यात गर्न सके आयातकेन्द्रित हाम्रो अर्थतन्त्र निर्यातमुखी हुने स्थिति बन्न सक्छ । सरकारले भर्खरै ल्याएको नयाँ बजेटले पनि यसतर्फ प्रशस्त ध्यान दिएको देखिन्छ । व्यवसायीले पनि यसतर्फ आफ्नो ध्यान आकर्षित गर्नु पर्छ । रोजगारीका जुन जुन सम्भावना छन्, त्यसलाई प्रोत्साहित गर्नेतर्फ सरकारले व्यवसायीसँग हातेमालो गर्नु पर्छ । त्यसको निम्ति राज्य लचिलो हुनु पर्छ। राज्यले कुनै पनि व्यवसायमा प्रतिकूल असर नपरोस्, त्यसको विकासमा बाधा उत्पन्न नहोस् भन्ने कुरामा विशेष ध्यान दिनु पर्छ ।

रोजगारी नपाएर मानिस संसारमा भौंतारिने गरेका छन्। देशभित्रै रोजगारी नपाएर मानिस विदेशतिर चहार्ने स्थिति बनिरहेको छ ।

पछिल्लो समय सरकारले सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र प्रकाशन/प्रसारण गर्ने नीति लिएको छ । यसले गर्दा साना लगानीमा सञ्चालित स्वरोजगारमूलक सञ्चार माध्यम सङ्कटमा परेको गुनासो गरिरहेका छन् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# किसानका पीडा बुझिदिने कसले ?

*नरेन्द्रसिंह काकी*

नौगाड गाउँपालिका-२ दल्लेखको डाँडामाथि बिहानको घाम झुल्किन थालेसँगै तल खार बस्तीका कान्लामा बनेका पोलिहाउसहरू सेताम्य देखिन्छन्। कतै गोलभैँडा लटरम्म फलेका छन्, कतै आलुको हरियाली फैलिएको छ । किसानहरू बिहानैदेखि पानी हाल्ने, पोलिहाउस मिलाउने र बाली स्याहार्ने काममा व्यस्त छन् तर यही हरियालीभित्र किसानका अनगिन्ती पीडा लुकेका छन्। उत्पादन बढेको छ, मेहनत बढेको छ, तर बजार अझै अनिश्चित छ। सडक भरपर्दो छैन । मूल्य व्यापारीकै नियन्त्रणमा सीमित छ ।

नौगाड गाउँपालिका-२ की सरस्वती डोबाल मन्यालले गत वर्ष यही याममा गोलभैँडा र आलु बिक्री गरेर रु सात लाख आम्दानी गर्नुभयो। दल्लेखबाट सदरमुकाम खलङ्गासम्म पुगेर उहाँले आफ्नै खेतमा फलेको तरकारी बिक्री गर्नुभयो । तर आम्दानीसँगै सङ्घर्ष पनि उत्तिकै बढेको उहाँ बताउनुहुन्छ। “एकैपटक आठ-दस क्रेट गोलभैँडा पाक्छ”, उहाँ भन्नुहुन्छ, “तर बजारमा लगेपछि एकै ठाउँमा बिक्री हुँदैन। व्यापारी खोज्दै हिँड्नुपर्छ। कहिलेकाहीँ त घरघर पुगेर बेच्नुपर्छ।” पूरै दिनभर गोलभैँडा बेच्नैमा जाँदा फेरि घरमा पोलिहाउस रेखदेख गर्न समस्या हुन्छ। एक जनाले मात्रै पूरै तरकारी उत्पादन, सुरक्षादेखि बजार खोज्दै हिँड्न जाँदा निकै समस्या खेप्नुपरेको उहाँको भनाइ छ ।

खार-खलङ्गा सडक वर्षायाममा प्रायः अवरुद्ध हुन्छ । सडक कालोपत्रे नभएकाले पानी पर्नेबित्तिकै पहिरो खस्ने, नाली नहुँदा बाढीले सडक बगाउने र खाल्टाखुल्टी बढ्ने समस्या छ । महाकाली नगरपालिका २ र ३ अन्तर्गत पर्ने यो सडकखण्ड ठाउँठाउँमा बिग्रिएको छ। पहिरो गएको ठाउँमा अझै पर्खाल बनेका छैनन्। डुडुरीलगायतका क्षेत्रमा अहिले पनि खोलामै गाडी गुडाउनुपर्ने बाध्यता छ ।

सडक अवरुद्ध हुँदा किसानले पिठ्युँमै तरकारी बोकेर तीन-चार घण्टा हिँडेर खलङ्गा पुग्नुपर्छ । “पानी पर्नेबित्तिकै सडक बन्द हुन्छ”, सरस्वती भन्नुहुन्छ, “पाकेको गोलभैँडा खेतमै सड्छ । लगानी डुब्छ।” तरकारीखेती नै उहाँको परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ । छोरा मिलन मन्याल र छोरी सोनिया मन्यालको पढाइ खर्च यही खेतीले धानेको छ ।

“बच्चालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने सपना छ”, उहाँ भावुक हुँदै भन्नुहुन्छ, “तर बजार र मूल्य नपाउँदा कहिलेकाहीँ निकै निरास हुन्छु।” श्रीमान् माधव मन्याल रोजगारीको खोजीमा काठमाडौँ गएका छन्। घरको आर्थिक जिम्मेवारी अहिले खेतीमै टिकेको छ ।

यो वर्ष परेको असिनाले पोलिहाउसमा ठूलो क्षति पुऱ्याएको सम्झिँदा सरस्वती अझै भावुक बन्नुहुन्छ। केही मिनेटमै मेहनतले हुर्काएका बोटहरू नष्ट हुँदा आफू खेतमै रोएको उहाँ सुनाउनुहुन्छ ।

खारकै अर्का किसान नारा मन्यालको पीडा पनि उस्तै छ। मेहनत गरेर उत्पादन गरिएको अर्गानिक गोलभैँडा कहिलेकाहीँ प्रतिकिलो ५० रुपैयाँमा पनि बिक्री हुँदैन । “गत वर्ष ५० देखि ८० रुपैयाँसम्म बिक्री भयो”, उहाँ भन्नुहुन्छ, “तर नियमित बजार पाउँदैनौँ। गाउँभरि एकैपटक गोलभैँडा पाक्दा व्यापारीले मूल्य घटाइदिन्छन् ।”

खलङ्गा जिल्लाकै मुख्य बजार भए पनि व्यापारीले किसानको उत्पादन एकमुष्ट खरिद गर्दैनन् । किसान आफैँ व्यापारी खोज्दै हिँड्न बाध्य छन्। अहिले भारतीय तरकारी आउन कम भएपछि व्यापारीको फोन आउन थालेको किसानहरू बताउँछन् ।

हामीलाई तरकारी तौल गर्न पनि आउँदैनन्। बजारमा महिलाहरू बढी जाने भएकाले उनीहरू ठगिने समस्या पनि झेलिरहेका छन् । “केजी तौलमै धेरैपटक ठगियौँ”, किसान सरस्वती मन्याल सुनाउनुहुन्छ, “एकपटक त प्रशासन गुहार्नुपरेको थियो ।” उहाँका अनुसार किसानले एउटै केन्द्रबाट बिक्री गर्ने व्यवस्था भए बजार व्यवस्थापन सहज हुने थियो ।

डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोलीका अनुसार समूहले मात्रै प्रत्येक वर्ष ५० देखि ६० क्विन्टलभन्दा बढी गोलभैँडा उत्पादन गर्छ। आलुको उत्पादन पनि उल्लेख्य छ । “हाम्रो मुख्य समस्या बजार र सडक हो”, उहाँ भन्नुहुन्छ, “उत्पादन भइरहेको छ, तर किसानले उचित मूल्य पाउँदैनन् ।”

उहाँका अनुसार जलवायु परिवर्तनले तरकारीखेतीलाई समस्या सिर्जना गरेको छ। असिना, अत्यधिक वर्षा, हावाहुरी र नयाँ रोगव्याधिका कारण तरकारी उत्पादनमा ह्रास देखिने गरेको छ ।

“यो वर्ष बेर्नादेखि नै समस्या देखियो”, उहाँ भन्नुहुन्छ, “पाक्ने बेलामा पनि रोग लागेको छ। धेरैपटक बीउ परिवर्तन गर्‍यौं, खासै सुधार भएन ।” रेखदेख औषधि गरेकै छौं । समय समयमा बेर्ना परिवर्तन गरिएको छ। कहिले रोगले सताउँछ, कहिले मौसमले, उहाँले दुःखेसो सुनाउनुभयो ।

खार क्षेत्रमा कोल्ड स्टोर नहुँदा किसानले उत्पादन लामो समयसम्म जोगाएर राख्न सक्दैनन् । सबै किसानले एकैपटक बजारमा तरकारी ल्याउँदा मूल्य झन घट्ने गरेको छ। किसानका अनुसार यहाँ उत्पादन हुने तरकारी पूर्णरूपमा जैविक र विषादीरहित छ। एउटा बोटमै पाँचदेखि १० किलोसम्म गोलभैँडा फल्ने गरेको उनीहरू बताउँछन्। सामान्य किसानले सिजनमा पाँचदेखि सात लाख रुपैयाँसम्म आम्दानी गरिरहेका छन् । डाँडाबाग कृषि समूहमा २५ भन्दा बढी परिवार आबद्ध छन् ।

### तरकारी पकेट क्षेत्र बन्दै खार

नौगाड गाउँपालिकाले खार क्षेत्रलाई तरकारी पकेट क्षेत्र घोषणा गरेको छ । यहाँ अधिकांश घरमा पाँचदेखि सातवटासम्म पोलिहाउस छन् । किसानले परम्परागत खेती छोड्दै तरकारी मात्रै लगाउन थालेका छन्। नौगाड गाउँपालिका कृषि शाखा प्रमुख प्रकाशसिंह धामीका अनुसार हाल वडा नम्बर २ मा मात्रै १५० भन्दा बढी पोलिहाउसमा व्यावसायिक तरकारी उत्पादन भइरहेको छ। “आगामी आवमा एक किसानलाई १० वटासम्म पोलिहाउस विस्तार गर्ने योजना छ”, उहाँले भन्नुभयो ।

गाउँपालिकाले सिँचाइ, बीउ, औषधि तथा क्षतिपूर्तिसम्बन्धी कार्यक्रम आगामी बजेटमार्फत ल्याउने जनाएको छ। रोग व्यवस्थापनका लागि कृषि प्राविधिक परिचालन गरिएको छ । योपटक थोरै किसानको तरकारीमा समस्या देखिएको छ ।

रोग लाग्न नदिन एकीकृत शत्रु व्यवस्थापन गरिएको धामीले बताउनुभयो । यो पूरै वडा तरकारी पकेट क्षेत्र हो । २५ देखि ३० परिवारलाई एउटा समूहमा राखेर तरकारी लगाउनेदेखि लिएर बीउ विजन बजारीकरणसम्मको तालिम कृषक पाठशालामार्फत भइरहेको छ । यहाँका केही वडालाई आलुपकेट क्षेत्र घोषणा गरिएको छ। सडक सञ्जालले पनि गाउँपालिका जोड्दै गरेको अवस्थामा किसानलाई व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने योजना गाउँपालिकाको रहेको धामीको भनाइ छ ।

### किसानको बारीमै पुगे सिडियो

नौगाड-२ दल्लेखका किसानका समस्या बुझ्न दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेल स्वयं किसानको बारीमै पुगे । उहाँसँग कृषि तथा भेटेरिनरी कार्यालयका प्रमुख, प्राविधिक टोली तथा जिल्ला समन्वय समिति प्रमुख महादेव बड्कश्यपलगायत सहभागी थिए । “किसानको समस्या सुन्ने र समाधान के गर्न सकिन्छ भनेर जिल्लास्तरीय अनुगमन समिति बनाएर दल्लेख पुगेका हौं,” प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो, “हामीले बोल्ने भन्दा पनि किसानको वास्तविक समस्या के छन्, त्यो पहिचान गरेर समस्या समाधानको लागि प्रयास गर्ने हो ।”

किसानहरूले सडक, बजार, सिँचाइ, बीउ र औषधि व्यवस्थापनलाई प्राथमिकतामा राख्न माग गरेका छन् । “कालोपत्रे सडक भइदिएको भए आधा घण्टामै खलङ्गा पुग्थ्यौँ”, समूहका अध्यक्ष धनसिह सितोली भन्नुहुन्छ, “बजारले चाहेको बेला अर्गानिक तरकारी पुऱ्याउन सक्थ्यौँ ।” अर्का किसान सरस्वती मन्याल तरकारी ढुवानीमा अनुदान दिनुपर्ने माग गर्नुहुन्छ । उहाँले भन्नुभयो, “दल्लेखबाट खलङ्गासम्म एक क्रेट गोलभेंडाको गाडी भाडा एक सय रुपैयाँ लिन्छन् ।

मानिससँगै गए थप चार सय रुपैयाँ भाडा हुन्छ । सरकारले नै ढुवानी बिक्रीको व्यवस्थापन गरिदिए हामीहरुले पनि मेहनतअनुसारको मूल्य गाउँमै पाउँथ्यौं ।” प्रमुख जिल्ला अधिकारी पौडेलले सडक नियमित सञ्चालनका लागि पहल भइरहेको बताउनुभएको छ। सम्बन्धित निकायलाई नियमित सडक सञ्चालनको लागि प्रयास भइरहेको छ ।

### भारतीय तरकारीमा रोक, स्थानीय किसानमा आशा

नेपाल सरकारले भारतबाट आयात हुने कृषिउपजमा रोक लगाएपछि स्थानीय किसानमा आशा पलाएको छ । सीमावर्ती जिल्ला दार्चुलाको बजार लामो समयदेखि भारतीय आलु, प्याज र गोलभेंडामा निर्भर थियो। अहिले भने स्थानीय उत्पादनले बजार पाउन थालेको किसानहरूको भनाइ छ ।

सरकारले जेठ २१ गतेबाट भारतबाट आयात हुने कृषिजन्य उपहरुको आयात व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन भन्दै आयातमा रोक लगाएको छ। “कोरोनाको समयमा पनि हामीले उत्पादन गरेर बजार धानेका थियौं”, डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोली भन्नुहुन्छ, “सरकारले खरिद सुनिश्चित गरिदियो भने भारतीय तरकारीको विकल्प हामी बन्न सक्छौं ।” यहाँ उत्पादन गरेका आलु, टमाटार बजारको लागि पर्याप्त हुन्छ। दार्चुलाको श्रीवगड, कोटकौतली, मुल्ला मैखाली, दत्तुको थाप्लालगायतमा किसानहरुले व्यावसायिक रुपमा तरकारीखेती गर्ने गरेका छन् । यसअघि किसानले नेपालमा बजार नपाउँदा भारतीय बजार लगेर आफ्नो उत्पादन विक्री गर्दै आएका थिए ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# खेल मैदान अभावले क्रिकेट गतिविधि प्रभावित

दोधारा चाँदनी । पछिल्लो समय कञ्चनपुरमा क्रिकेटप्रति युवाहरूको आकर्षण बढ्दै गएको छ । तर खेल मैदानको अभावले भने क्रिकेट गतिविधि प्रभावित बनेको छ । खेल मैदान नहुँदा प्रतियोगिता आयोजना गर्न समेत पालो पर्खिनुपर्ने अवस्था छ ।

महेन्द्रनगरस्थित कभर्डहलको खेल मैदानमा क्रिकेट बाहेकका अन्य खेल प्रतियोगिता हुन थालेपछि क्रिकेट प्रतियोगिता गराउन समस्या हुन थालेको कञ्चनपुर खेलकुद विकास समितिले जनाएको छ । समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टले एउटै खेल मैदानमा सबै खेलहरु खेलाउनुपर्ने बाध्यता रहेको बताउनुभयो ।

"कञ्चनपुर विभिन्न खेलका धेरै खेलाडी उत्पादन भएको जिल्ला हो, तर यहाँ खेल पूर्वाधारको कमी छ", उहाँले भन्नुभयो, "खेलकुद समितिसँग भएको १५ विघा जग्गामा खेल मैदान छ, त्यहाँ एउटै खेललाई मात्र दिन सकिने अवस्था छैन । उक्त मैदान सबै खेल अभ्यासका लागि प्रयोग हुने गरेको छ ।"

जिल्लाका विभिन्न क्लब तथा संस्थाहरूले प्रतियोगिता आयोजना गर्न उपयुक्त मैदान नपाउँदा कार्यक्रम सञ्चालनमै कठिनाइ भोगिरहेका छन । यहाँको ब्रिष्टिन कलेजले रु एक लाख पुरस्कार राशिको क्रिकेट प्रतियोगिता सञ्चालन गरेको छ । कञ्चनपुर जिल्ला क्रिकेट सङ्घको आयोजनामा अन्तर माध्यमिक विद्यालय स्तरीय जिल्ला छनौट प्रतियोगिता सञ्चालन गर्न मैदान उपलब्ध नहुँदा पालो पर्खिनुपरेको जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले बताउनुभयो । "यहाँ क्रिकेटप्रति युवाहरुको बढ्दो आकर्षण छ, प्रतियोगिताहरु हरेक महिनाजसो भइरहन्छन ।

मैदान अभावले प्रतियोगिता सञ्चालनमा समस्या हुने गरेको छ", उहाँले भन्नुभयो, "सङ्घले आयोजना गर्ने जिल्ला छनौट प्रतियोगिता गर्न ब्रिष्टन कलेजको प्रतियोगिता दुई दिन ढिला गर्नुपर्यो ।"

मैदान अभावले क्रिकेटका लागि नियमित अभ्यास र प्रतियोगिता आयोजना गर्न समस्या हुँदा खेलाडीको क्षमता विकास र प्रतिभा पहिचान प्रक्रियामा समेत असर परेको छ । क्रिकेटको इतिहास हेर्दा विगतदेखि अहिलेसम्म यो खेलका राष्ट्रिय स्तरका खेलाडी यहाँ उत्पादन भएका छन् ।"

अहिले पनि कञ्चनपुरका दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, भीम सार्की, सन्दिप जोरालगायतका खेलाडी नेपाली राष्ट्रिय टोलीबाट खेलिरहेका छन् । महिलातर्फ माया रावत, विन्दु रावललगायत खेलाडीले राष्ट्रिय टोलीबाट खेलिसकेका छन् । कञ्चनपुरमा क्रिकेटको क्रेज गाउँगाउँसम्म रहे पनि यहाँ खेल मैदान बनाउने विषय भने हालसम्म प्राथमिकतामा पर्न सकेको छैन ।

महेन्द्रनगरस्थित कभर्डहल परिसरमा क्रिकेट मैदानका लागि जग्गा उपलब्ध रहेको भए पनि मैदान निमार्ण हुन सकेको छैन । आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय खेलकुद परिषद्ले रकम विनियोजन गरी सुदूरपश्चिम क्षेत्रीय खेलकुद विकास समिति धनगढी मार्फत ठेक्का आह्वान गरेर क्रिकेट मैदान निर्माण थालेपनि अहिले बजेटलगायत कारणले निर्माण अघि बढ्न सकेको छैन ।

कभर्डहलमा गुरुयोजनाभन्दा बाहिर गएर धेरै संरचनाहरु बनेका कारण क्रिकेट मैदान बनाउन विनियोजित रु एक करोडभन्दा बढी बजेट माटो भरानमै सकिएको छ । अरु काम अघि बढ्न सकेको छैन । क्रिकेट मैदान निर्माण स्थलमै जिल्ला खेलकुद विकास समितिले विगतमा माछा पोखरी निर्माणका लागि जग्गा ठेक्कामा दिँदा अहिले क्रिकेटका लागि उपलब्ध भएको रकम त्यही पोखरी सम्याउनमा खर्च भएको छ । चालु आर्थिक वर्षमा विनियोजित रकम रु ५० लाख मैदानमा माटो भरानका लागि ठेक्का सम्झौता भएको छ ।

विभिन्न खेलमार्फत अन्तर्राष्ट्रिय स्तरमा मुलुकको नाम चिनाउन सफल यहाँका खेलाडीले न्यूनतम पूर्वाधारको सुविधा पनि पाउन नसकेका सरोकार वालाहरु बताउँछन् । नेपाल क्रिकेट सङ्घ (क्यान) का केन्द्रिय अध्यक्ष चतुरबहादुर चन्दले नेपाली राष्ट्रिय क्रिकेट टोलीमा सुदूरपश्चिमका खेलाडीको सहभागिता रहँदै आएको उल्लेख गर्दै यस क्षेत्रमा खेल पूर्वाधारको अभाव रहेको बताउनुभयो ।

"सिनियर टोली बाहेक हरेक उमेर समूहमा राष्ट्रिय टोलीमा सुदूरपश्चिमका खेलाडीको सहभागिता छ । तर यहाँ एउटा पनि स्तरीय खेल मैदान छैन", ।

अध्यक्ष चन्दले भन्नुभयो । राज्यले खेल पूर्वाधारका लागि यस प्रदेशमा लगानी गर्न नसकेको उहाँले गुनासो गर्नुभयो । पछिल्लो समय जिल्ला स्तरमा हुने प्रतियोगिताबाट प्रतिभावान खेलाडी उत्पादन हुने गरेको भए पनि खेलाडीलाई राज्यले उचित सेवा सुविधा तथा खेल संरचनामा लगानी गर्न नसकेको उहाँको भनाइ छ ।

# भारतको सहयोगमा विद्यालय भवन निर्माण गरिँदै

काठमाडौँ । भारत सरकारको सहयोगमा कालीकोटको सान्नीत्रिवेणी गाउँपालिका-४ मा जनज्योति माध्यमिक विद्यालयको भवन निर्माण गरिने भएको छ । भारत सरकारको करिब रु नौ करोड ३० लाखको आर्थिक सहयोगमा निर्माण हुन लागेको भवनको शुक्रबार शिलान्यास गरिएको हो ।

उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयन कालीकोटको सान्नीत्रिवेणी गाउँपालिकामार्फत गरिने भारतीय दूतावासले जनाएको छ । यो कालीकोट जिल्लाकै पहिलो उच्च प्रभाव सामुदायिक विकास परियोजना हो ।

सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीसहित अन्य सरोकार भएका निकायका प्रतिनिधिले भारत सरकारद्वारा प्रदान गरिएको विकास सहयोगको प्रशंसा गर्नुभयो । उहाँहरूले नयाँ पूर्वाधारले गाउँपालिकाभित्रका विद्यार्थी र शिक्षकहरूका लागि सिकाइ वातावरण सुदृढ गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले श्रव्यदृश्य (भिडियो) सन्देशमार्फत उक्त परियोजनाका सम्पूर्ण सरोकार भएकाहरूलाई शुभकामना व्यक्त गर्नुभयो ।

साथै उहाँले साझा विकास र समृद्धि हासिल गर्न नेपाल सरकार र नेपाली जनतासँग मिलेर काम गर्ने भारत सरकारको दृढ प्रतिबद्धता व्यक्त गर्नुभयो । उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमको सुरुवात भएयता भारत सरकारद्वारा नेपालका सबै प्रदेश र ७४ वटा जिल्ला समेट्ने गरी करिब ६०० वटा परियोजनाहरू सञ्चालन गरिएका छन् ।

तीमध्ये १८ वटा परियोजना कर्णाली प्रदेशका विभिन्न क्षेत्रमा सञ्चालित छन् । यसका अतिरिक्त, भारत सरकारले कालीकोटमा चार एम्बुलेन्स र दुई वटा स्कुल बससहित कर्णाली प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संस्थालाई ५६ एम्बुलेन्स र १४ स्कुल बस उपहार स्वरूप प्रदान गरेको छ ।

# कर्णालीमा कर्मचारी अभावको गुनासो

काँक्रेविहार । कर्णाली प्रदेश सरकार मातहतमा २८ प्रतिशत कर्मचारी अपुग देखिउको छ । कर्णालीका स्थानीय तहमा एक हजार ३६३ कर्मचारीको दरबन्दी रिक्त छ ।

गत चैत १९ गते बसेको मन्त्रीपरिषद् बैठकले नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) स्वीकृत नहुँदासम्म आयोगमा पदपूर्तिका लागि कुनै पनि विवरण नपठाउने निर्णय गरेको थियो । सोहीअनुसार स्थानीय तहहरूले कर्मचारी माग आकृति फाराम नपठाउँदा खुलातर्फको विज्ञापन शून्य भएको हो । ओएनएमको काम अझै नसकिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकले बताउनुभयो ।

आयोगले गत असारमा प्रदेश निजामती सेवा र स्थानीय सेवाका सहायकस्तर चौथो तह (अप्राविधिक र प्राविधिक) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, आन्तरिक अन्तर सेवा प्रतियोगिता, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन गरेको थियो । त्यसयता करिब ११ महिनाको अवधिमा खुलातर्फका सूचना नभएको आयोगका सूचना अधिकारी सन्तोष पाण्डेले बताउनुभयो । प्रदेश लोक सेवा आयोगले लामो समयपछि यही जेठ ६ गते चौथो र पाँचौं तहको बढुवाका लागि तीन वटा सूचना प्रकाशन गरेको उहाँले जानकारी दिनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कर्णालीका ७९ वटा स्थानीय तहमा पाँच हजार ६६० दरबन्दी कायम गरिएको छ । जसमा चार हजार २९७ कर्मचारी कार्यरत छन् । प्रदेशमा सबैभन्दा बढी प्रशासनतर्फ ४७७ कर्मचारीको दरबन्दी रिक्त छ । त्यस्तै, इन्जिनियरिङमा ४२१, कृषितर्फ २३७, स्वास्थ्य सेवातर्फ १५२, शिक्षा सेवामा ५१ र विविध सेवामा २५ जनशक्ति रिक्त छ । कार्यालयका सूचना अधिकारी सुरेन्द्रबहादुर शाहीले प्राविधिक तर्फका कर्मचारीको दरबन्दी पूर्ति नहुँदा सेवाप्रवाह र विकास निर्माणमा नकारात्मक असर परेको बताउनुभयो । उहाँका अनुसार शिक्षातर्फ पाँचौँदेखि नवौँ तहसम्म १८३ दरबन्दी कायम गरिएको मा १३२ जनाको पदपूर्ति भएको छ भने इन्जिनियरिङतर्फ एक हजार ५५ दरबन्दी स्वीकृत भएकामा ६३४ जना कार्यरत छन् ।

प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशसभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उम्मेदवार छनोट गर्ने कानुनी अधिकार पाएको छ । कर्णाली सरकारले प्रशासनिक पुर्नसंरचना लागि अघिल्लो वैशाख ५ गते पूर्वसचिव लक्ष्मण अर्यालको संयोजकत्वमा चार सदस्यीय उच्चस्तरीय समिति गठन गरेको थियो ।

धमाधम ......................

फरकफरक दरमा भाडा वृद्धि गरेको थियो । प्रत्येक वर्ष पाँच/पाँच प्रतिशतले भाडा वृद्धि गर्ने निर्णय गरिएको थियो । देशभरका औद्योगिक क्षेत्रमा करिब ७०० बढी उद्योग सञ्चालित छन् ।

उद्योगीको गुनासो सम्बोधन भन्दै तत्कालीन समयमा उद्योग मन्त्रालयले भाडा वृद्धिको निर्णय रोक्न व्यवस्थापनलाई निर्देशन दियो ।

मन्त्रालयको निर्देशनसँगै बोर्डले भाडा वृद्धिको निर्णय स्थगन गरेको सूचना अधिकारी सोडारी बताउनुहुन्छ ।

सो विषय अध्ययन गरेर मन्त्रालयले चार वर्षपछि भाडावृद्धि लगायत सम्पूर्ण अधिकार सञ्चालक बोर्डको भएको जनाउँदै त्यससम्बन्धी निर्णय ठीक छ भनेर २०७८ मा फिर्ता गरेको थियो ।

विसं २०७९ असार २२ गते सञ्चालक समितिले पुनः सो भाडादर २०७५ साउन १ गतेदेखि लागू गर्ने निर्णय ठीक भएको र सोही मितिदेखि महसुलको बिल गर्नू भन्यो ।

सोहीअनुसार लिमिटेडले २०७५ साउनदेखिको बिल उद्योगीहरुलाई पठायो । उद्योगीहरुले पुरानो महसुल तिर्न नसक्ने र बिल भएको मितिपछिको रकम मात्रै तिर्न सकिने बताए । महसुल विवाद बढ्दै गएपछि नेपाल औद्योगिक क्षेत्र उद्योग महासङ्घ उच्च अदालत पाटन पुगेको थियो ।

महासङ्घले दायर गरेको रिटमा अदालतले वृद्धि गरेको भाडा उठाउन लिमिटेडको नाममा फैसला गऱ्यो । त्यसपछि उद्योगीहरु सर्वोच्च अदालत पुगेको सूचना अधिकारी सोडारीको भनाइ छ ।

सर्वोच्चले २०८१ चैत १२ गते सोसम्बन्धी मुद्दामा फैसला गर्दै २०७५ साउन १ देखि भाडावृद्धिको दर ठीक रहेको र २०७९ असार २२ गते (बिल गरेको मिति) देखि असुल गर्न लिमिटेडलाई निर्देशन दियो । सोही फैसलामा प्रत्येक पाँच/पाँच वर्षमा महसुल पुनरावलोकन गर्ने व्यवस्थातर्फ सचेत गराउँदै एक महिनाभित्र महसुल पुनरावलोकन गर्न परमादेश भएको सोडारी सुनाउनुहुन्छ ।

विसं २०८२ पुस २५ गते सञ्चालक समितिले सो फैसलाविरुद्ध पुनरावलोकनमा जाने निर्णय गऱ्यो । आगामी असार १२ गते सो मुद्दाको पेसी तोकिएको छ । फैसला कार्यान्वयनका गर्दा महसुलवापतको रु १५/१६ करोड घाटा हुने भएपछि सञ्चालक समितिले पुनरावलोकनमा जाने निर्णय गरेको थियो । उद्योग महासङ्घले पनि औद्योगिक व्यवस्थापन सञ्चालक बोर्डमा पुनरावलकोन सम्बन्धी निवेदन फिर्ता लिएर २०८१ चैत १२ को फैसला कार्यान्वयन गर्न प्रस्ताव गरेको उहाँले जानकारी दिनुभयो ।

उद्योग महासङ्घका अध्यक्ष एजाज आलम महसुल बक्यौता विवादसम्बन्धी समस्या समाधान गर्न उद्योगी आतुर रहेको बताउनुहुन्छ । मुलुकमा औद्योगिक वातावरण बनाउन उक्त पुनरावलोकनको मुद्दा दुवै पक्षले फिर्ता लिई सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न आफूहरुले आग्रह गरेको सुनाउनुभयो ।

औद्योगिक क्षेत्रको सम्पूर्ण पूर्वाधार निर्माणका लागि ठूलो रकम आवश्यक पर्ने भएकाले उद्योगीलाई विवाद भएको समयको भाडावापतको रकम धरौटीका रुपमा जम्मा गर्न पनि आग्रह गरिएको सूचना अधिकारी सोडारीले जानकारी दिनुभयो ।

# लुम्बिनी प्रदेश प्रहरीद्वारा शान्ति, सुरक्षाका पक्षमा तीनदिने कार्यक्रम सार्वजनिक

भैरहवा । लुम्बिनी प्रदेश प्रहरी कार्यालय, लुम्बिनीले आधुनिक सूचना प्रविधिको सदुपयोग गरी समुदायलाई सचेत गराउँदै शान्ति सुरक्षा, अमन, चयन कायम गर्न तीनदिने कार्यक्रम सार्वजनिक गरेको छ ।

सो कार्यक्रमबारे जानकारी दिने उद्देश्यले शुक्रबार आयोजित पत्रकार भेटघाटका अवसरमा लुम्बिनी प्रदेश प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले प्रविधि, शान्ति र सामुदायिक सचेतनालाई एकै सूत्रमा बाँधेर कार्ययोजना अघि सारेको बताउनुभयो ।

उहाँले बुटवलस्थित लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रमा 'ह्याक फर सेफ्टी' र अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा सामुदायिक जागरूकता कार्यक्रमसहित बुद्ध जन्मस्थल लुम्बिनीमा शान्ति पदयात्रा सञ्चालन गरी शान्ति सुव्यवस्थाका पक्षमा प्रदेश प्रहरी अघि बढेको जानकारी दिनुभयो ।

प्रहरी नायब महानिरीक्षक खत्रीले भन्नुभयो, "सार्वजनिक सुरक्षाका चुनौतीसँग जुध्न आधुनिक सूचना प्रविधिको सदुपयोग हुन आवश्यक छ । 'ह्याक फर सेफ्टी' मार्फत युवा, विद्यार्थी, 'डेभलपर' तथा नवप्रवर्तन कर्तालाई सार्वजनिक सुरक्षा, साइबर अपराध नियन्त्रण, अनुसन्धानमा सहयोग तथा प्रहरी सेवासँग सम्बन्धित समस्या समाधानका लागि नवीन उपाय विकास गर्न सहयोग पुग्ने प्रहरीको विश्वास छ । सोहीअनुसार रचनात्मक कार्यक्रम सञ्चालन हुनेछ ।"

त्यसैगरी, बुद्ध जन्मस्थल लुम्बिनी मा आयोजना हुने शान्ति पदयात्रामार्फत शान्ति, सहिष्णुता, सामाजिक सद्भाव र सामूहिक जिम्मेवारीको सन्देश प्रवाह गर्न लागेको प्रदेश प्रहरीले जनाएको छ । सो पदयात्रामा विद्यार्थी, अभिभावक, नागरिक समाज, स्थानीय समुदाय तथा विभिन्न सङ्घसंस्थाको उल्लेख्य सहभागिता हुने अपेक्षा गरिएको छ ।

प्रदेश प्रहरीका अनुसार बुटवल अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा हुने सामुदायिक जागरूकता कार्यक्रममा साइबर अपराध, लागुऔषध दुर्व्यसन, सडक सुरक्षा, आत्महत्या न्यूनीकरण, डिजिटल सुरक्षा तथा सामाजिक विकृतिविरुद्ध सचेतना अभिवृद्धि का पक्षमा विभिन्न कार्यक्रम हुनेछ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले यही जेठ ३० गते सुरु भई असार १ गते सम्पन्न हुने तीनदिने विशेष अभियानमा व्यापक जनसहभागिता रहने र यसबाट प्रदेशको शान्ति, सुव्यवस्था कायम गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# सरकारी अस्पतालमा बिरामीका भार

चितवन । चितवनस्थित दुई सरकारी अस्पताल- भरतपुर अस्पताल र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बिरामीका भार बढेको छ । भरतपुरस्थित दुई मेडिकल कलेजजमा स्वास्थ्य बिमा कार्यक्रम हटेपछि उक्त दुई सरकारी अस्पतालमा बहिरङ्ग सेवा लिन आउने बिरामीका सङ्ख्या बढेको हो । भरतपुर अस्पताल, स्वास्थ्य बिमा कार्यक्रम प्रमुख लिलाधर पौडेलले सोमबार मात्र कूल तीन हजार १८७ बिमारी मध्य दुई हजार ३२३ बिमाका र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा उमेश नेपालले हाल दैनिक १ हजार २०० बिमारीलाई बिहान ८:०० देखि ४:०० बजेसम्म बहिरङ्ग सेवा दिने गरेको जानकारी दिनुभयो ।

## बजेटलाई जनता केन्द्रित बनाउन अर्थमन्त्रीलाई सुझाव

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । राष्ट्रियसभाका सदस्यहरूले आर्थिक वर्ष २०८३/८४को प्रस्तुत बजेटलाई जनता केन्द्रित बनाउन सुझाव दिनुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै सांसद नारायणदत्त मिश्रले नेपालमा अर्थतन्त्र माथि अनेकौँ चुनौती रहेकाले त्यसलाई सम्बोधन गर्ने बजेट परिमार्जन गर्न सरकारलाई सुझाव दिनुभयो ।

सांसद झक्कुप्रसाद सुवेदीले सीमान्तकृत समुदायमैत्री बजेट हुनुपर्नेमा जोड दिनुभयो । सांसद सम्झना देवकोटाले प्रस्तुत बजेट चालु आवको बजेटको संशोधित आकारभन्दा २५.२ प्रतिशतले वृद्धि हुनु आफैँमा महत्वकाङ्क्षी भएको जनाउनुभयो । सांसद मोहम्मद खालिदले आगामी आवको बजेटले महँगी बढाउने र जनतामा मर्कामा पर्न सक्ने अवस्था देखिएको बताउनुभयो ।

सांसद ललितजङ्ग शाहीले गरिबी को रेखामुनि रहेका जनताको शिक्षा र स्वास्थ्य निःशुल्क बनाउन बजेट केन्द्रित हुनुपर्नेमा धारणा राख्नुभयो । सांसद सुरेशकुमार आलेमगरले बजेटले राखेको सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न मिहिनेत गर्नुपर्ने बताउनुभयो । सांसद रामकुमारी झाँक्रीले बजेटले मुलुकको व्यावहारिक समस्या समाधान गर्न सक्नेमा आशङ्का व्यक्त गर्नुभयो ।

सांसद दुर्गा गुरुङले बजेटले स्वदेशमै रोजगारी सृजना गर्नेतर्फ बाटो देखाउनुपर्नेमा त्यो हुन नसकेको बताउनुभयो । सांसद नरबहादुर विष्टले नेपाली समाजको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्ने धारणा राख्नुभयो । सांसद सोमनाथ पोर्तेलले दलित समुदायसँग माफी माग्ने र सुधारको कार्यक्रम ल्याउने बाचा पूरा गर्न आग्रह गर्नुभयो । सांसद राजेन्द्रलक्ष्मी गैरेले महिलाका दबिएका आवाजलाई सम्बोधन गर्ने कार्यक्रमसहित बजेट परिमार्जन गर्न सुझाव दिनुभयो । सांसद रोशनी मेचेले पुँजीगतभन्दा पनि चालु खर्च बढी हुँदा विकास निर्माणको अपेक्षा पूरा हुन नसक्ने बताउनुभयो ।

बैठकमा सांसद विष्णुकुमारी सापकोटा, वासुदेव घिमिरे, भुवनबहादुर सुनार, गीता देवकोटा, विष्णुबहादुर विश्वकर्मा, श्रीकृष्णप्रसाद अधिकारीलगायतले बजेटलाई जनमुखी बनाउनुपर्ने धारणा राख्नुभयो ।

आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल जारी रहेकाले सभाको अर्को बैठक असार १ गते दिउँसो १:१५ बजे बस्नेछ ।

## अध्ययन भिसा सिफारिस प्रकरणमा छानबिन गर्न समिति गठन

काठमाडौँ । शिक्षा तथा खेलकुद मन्त्रालयले अध्ययन भिसा सिफारिसका विषयमा कर्मचारीको संलग्नताका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय समिति गठन गरेको छ ।

अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजात नक्कली भएको बारेमा मन्त्रालयका कर्मचारीहरूको सम्भावित संलग्नता छानबिन गर्न मन्त्रीस्तरीय निर्णयअनुसार समिति गठन गरिएको जनाइएको छ ।

मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिका सदस्यमा मन्त्रालयकै उपसचिव (कानुन) गोपीकृष्ण रेग्मी र शाखा अधिकृत गुणराज भट्टराई रहनुभएको छ । समितिलाई घटनासँग सम्बन्धित मन्त्रालयका कर्मचारीहरूको भूमिका तथा जिम्मेवारीबारे आवश्यक अनुसन्धान गरी सात दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको मन्त्रालयले जनाएको छ । अध्ययन भिसा सिफारिस प्रक्रियामा कर्मचारीहरूको संलग्नता, कागजात प्रमाणीकरणको अवस्था तथा प्रक्रियागत कमजोरीबारे समितिले अध्ययन गर्नेछ । मन्त्रालयका अनुसार वाल्मीकि विद्यापीठको नामबाट अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजातहरू नक्कली रहेको देखिएपछि छानबिन प्रक्रिया अघि बढाइएको हो । सोही आधारमा मन्त्रालयले यसअघि सिफारिस गरिएका विदेशी नागरिकहरूको भिसासम्बन्धी थप प्रक्रिया अगाडि नबढाउन सम्बन्धित निकायलाई अनुरोध गरिसकेको छ । मन्त्रालयले अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको यस घटनालाई गम्भीर रूपमा लिँदै अनुसन्धान को निष्कर्षका आधारमा थप प्रशासनिक तथा कानुनी निर्णय लिइने पनि स्पष्ट गरेको छ ।

यसअघि अध्ययन भिसा सिफारिस प्रक्रियामा शङ्कास्पद कागजात र नक्कली रसिद प्रयोग भएको आशंका देखिएपछि गृह मन्त्रालयलाई पत्राचार गरेको थियो । मन्त्रालयले उक्त घटनालाई अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको गम्भीर विषयका रूपमा लिँदै अनुसन्धानको निष्कर्षका आधारमा आवश्यक प्रशासनिक तथा कानुनी निर्णय गरिने जनाएको छ ।

## शिक्षाले पार्ने प्रभावको कथामा गौँथली

काठमाडौँ । नेपाली कथानक चलचित्र 'गौँथली' मा शिक्षाले पार्ने प्रभाव र महत्वलाई देखाइएको डा भोला रिजालले बताउनुभएको छ । उक्त चलचित्रका कथाकार र गीतकारसमेत रहनुभएका डा रिजालले चलचित्रमा देखाइएको कथा आफ्नै परिवारको जीवनसँग प्रेरित रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मेरो विवाह हुँदा मेरी श्रीमतीलाई पढाउने भनेर ल्याएका थियौँ, त्यो केही समय रोकियो तर पछि उनले आफ्नो अध्ययन पूरा गरिन् । एउटा गाउँमा अध्ययनरत युवतीको विवाह भएपछि उसले अध्ययनलाई निरन्तरता दिन गर्ने सङ्घर्षको कथा हो । मैले 'गौँथली' शीर्षकमै गीति कथानक चलचित्र बनाएको थिएँ, अहिले छोराले संवाद सहितको चलचित्र नै बनाएको छ ।" डा रिजालकै छोरा डा कपिल रिजालले 'गौँथली' निर्देशन गर्नुभएको छ । शिक्षाले एउटा व्यक्ति मात्र नभई उसको परिवार, उ बस्ने समाज र उसको राष्ट्रलाई कसरी टेवा पुग्छ भन्ने सन्देशलाई चलचित्रको कथासार बनाइएको निर्देशक रिजालले बताउनुभयो ।

"यसलाई अहिले चलचित्रकै स्वरूपमा ल्याउनुपर्छ भन्ने लागेर पितासँगको सल्लाहमा चलचित्र तयार गरेँ । यसले हामीलाई चलचित्र भवनभित्र हसाउने र रुवाउने काम गर्छ, तर बाहिर निस्किँदा यसले दिने सन्देशले समाजमा पक्कै परिवर्तन ल्याउँछ । यो चलचित्र भवनमा मात्र नभइ समाजसम्म पुगेर छलफल हुने विषयमा तयार गरेका छौँ", निर्देशक रिजालले भन्नुभयो ।

अभिनेता अरुण क्षेत्रीको असामान्य व्यवहार हेर्दा उहाँ कुनै रोगले पीडित देखिनुभएको छ भने उहाँको विवाह कम उमेरकी युवतीसँग भएको देखाइएको छ । स्कुले विद्यार्थी झैं देखिने उक्त युवतीको भूमिका अभिनेत्री सिम्रन खड्काले निर्वाह गर्नुभएको छ । हेर्दा असामान्य लाग्ने जोडीले विवाहपछि सामना गर्ने चुनौतीकै कथामा चलचित्र तयार गरिएको अभिनेता क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "पढ्ने रहर हुँदाहुँदै कम उमेरमै विवाह गर्नुपरेकी युवती र असामान्य व्यवहार देखाउने जोडीको कथामा चलचित्र तयार भएको छ । झट्ट हेर्दा असामान्य देखिने जोडीले जीवनमा भोग्ने उतारचढावमा शिक्षाले पार्ने प्रभाव चलचित्रमा देखाइएको छ । गम्भीर विषयमा सरल चलचित्र बनाउने कोसिस गरेका छौँ ।" उक्त चलचित्रमा मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गर्नुभएको छ ।

निर्देशक रिजालकै पटकथा रहेको उक्त चलचित्रको संवाद निश्चल कुँवर, नीरज नेपाल र गिरीराज घिमिरेले संयुक्त रूपमा तयार गर्नुभएको हो । उक्त चलचित्रलाई सुमन गिरी र निर्देशक रिजालले संयुक्त रूपमा निर्माण गर्नुभएको हो । चलचित्र आगामी साउन १ मा नेपालभर प्रदर्शन हुँदैछ ।

## नेपाल आँखा अस्पतालको सेवा आइतबार पनि

काठमाडौँ । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले बिदाको दिन आइतबार पनि नियमित सेवा सञ्चालन निरन्तर हुने जनाएको छ ।

नेपालकै पहिलो आँखा अस्पताल का रूपमा परिचित यस अस्पतालले आइतबारदेखि शुक्रबारसम्म नियमित रुपमा सेवा उपलब्ध गराउँदै आएको छ । अस्पतालमा हरेक दिन बिहान ८:३० बजेदेखि बिरामी दर्ता सुरु हुने र दिउँसो ३ बजेसम्म विशेषज्ञ चिकित्सकद्वारा जाँच तथा उपचार सेवा प्रदान गरिने व्यवस्था गरिएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंले जानकारी दिनुभयो । अस्पतालले आधुनिक पूर्वाधार, अत्याधुनिक उपकरण तथा अनुभवी नेत्ररोग विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्सिङ तथा प्राविधिक जनशक्तिमार्फत आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

अस्पतालमा हाल १६ जना नेत्र विशेषज्ञ, १ जना एनेस्थेसियोलोजिष्ट, ७ जना अप्टोमेट्रिष्ट, ३ जना फेलो समेत गरी जम्मा १५० जना कर्मचारी छन् । अस्पतालमा दैनिक करिब ७०० देखि ९०० बिरामीले सेवा लिने गरेका छन् भने मोतिबिन्दु, रेटिना, जलबिन्दु, कर्निया तथा बाल आँखा रोग सम्बन्धी जटिल उपचार तथा शल्यक्रियासमेत नियमित रूपमा सञ्चालन हुने गरेको छ । नेपाल आँखा अस्पतालबाट बहिरङ्ग सेवा, विशेषज्ञ परामर्श सेवा, मोतिबिन्दु क्लिनिक, बाल आँखा सेवा, अर्थोप्टिक्स सेवा लगायतका विविध उपचार सेवा उपलब्ध छन् ।

त्यसैगरी, २४ सै घण्टा आकस्मिक सेवा तथा अन्तरङ्ग (इन-पेसेन्ट) सेवा सञ्चालनमा रहेकाले आकस्मिक अवस्थामा समेत बिरामीले निरन्तर सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । शल्यक्रिया सेवाअन्तर्गत मोतिबिन्दु, रेटिना, ग्लुकोमा, कर्निया तथा बाल नेत्ररोगसम्बन्धी शल्यक्रियाहरू नियमित रूपमा सञ्चालन भइरहेको छ ।

## रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णय

काठमाडौँ । सरकारले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने निर्णय गरेको छ । आजको मन्त्रिपरिषद् बैठकले विगत ३१ वर्षअघि सिफारिस भएर पनि हालसम्म कार्यान्वयन मा आउन नसकेको उक्त प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने निर्णय गरेको हो ।

बैठकले सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई शिरोधार्य गरी प्रतिवेदन कार्यान्वयनमा लैजाने गर्ने भएको हो । सर्वोच्च अदालतको उक्त आदेशलाई टेकेर देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत)राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णय भएको जनाइएको छ । बैठकले यी दुवै निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको छ । उक्त निर्णयसँगै २०२१ सालको नापीका आधारमा रावल आयोगको प्रतिवेदनले समेटेको तत्कालीन काठमाडौँ महानगर क्षेत्रका ३५ वटै वडामा अतिक्रमण भएका सम्पूर्ण (एक हजार ८५९ रोपनी १४ आना तीन पैसा तीन दाम) सार्वजनिक तथा सरकारी जग्गाहरू खाली गर्ने बाटो खुलेको छ । शुक्रबारको मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ, यो काम भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित सबै निकायहरूसँगको समन्वयमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर सम्पादन गरिनेछ ।"

## हस्तपुरमा दरबार निर्माण भएपछि पर्यटन प्रवर्द्धन हुँदै

पाँचथर । लिम्बूवानका अन्तिम राजा हिलिहाङ योङहाङले शासन सत्ता सञ्चालन गरेको स्थान हिलिहाङ गाउँपालिका-४ हस्तपुरमा प्यागोडा शैलीको दरबार निर्माण भएपछि पर्यटकको आकर्षण बढेसँगै आन्तरिक पर्यटन प्रवर्द्धन हुन थालेको छ । धार्मिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण हिलिहाङ दरबार क्षेत्रमा पूर्वाधार विस्तार गरिएपछि पर्यटन प्रवर्द्धनको माध्यम बनेको हो ।

दरबार क्षेत्रमा प्यागोडा शैलीको तीनतले दरबार निर्माण भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र हिलिहाङ गाउँपालिकाको साझेदारीमा रु दुई करोड ५१ लाख ६८ हजारको लागतमा दरबार निर्माण भएको गाउँपालिका कार्यालयले जनाएको छ । मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागतमा निर्माण भएको दरबारका संरचना भगवती बौद्ध जेभी इलामले निर्माण गरेको हो ।

दरबारमा अवलोकनका अन्य सामग्री नभए पनि यसको आकर्षक बनोट, यहाँको भूगोल र इतिहासप्रतिको चासोले पर्यटकलाई आकर्षण गर्ने गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताउनुभयो । उहाँका अनुसार यहाँ पुग्ने पर्यटकले राजा हिलिहाङको समयका बैठकस्थल, राजसभास्थल, पर्खाल, दरबारमा प्रयोग भएका इँटा, खड्पललगायत संरचनाको अवलोकन गर्न पाउँछन् । त्यस्तै राजा हिलिहाङले शक्ति प्राप्त गरेको विश्वास गरिने युमा साम्माङ माङयुक्मा हिम (महारानी शक्तिपीठ) को दर्शन गर्ने प्रचलन रहिआएको उहाँले जानकारी दिनुभयो ।

नेपालको संविधानबमोजिम स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका भारपा, सुभाङ, पञ्चमी र अमरपुरलाई जोडेर हिलिहाङ गाउँपालिका बनेपछि राजा हिलिहाङ तथा उहाँको दरबारबारे खोजी सुरु भएको थियो । हिलिहाङ फाउन्डेसनले मेची राजमार्गको याङवरक गाउँपालिका-६ नागीमा प्रवेशद्वार निर्माण गर्नुका साथै हिलिहाङ दरबार अगाडि सालिक निर्माण गरेको छ । गाउँपालिकाले हिलिहाङ महोत्सव गर्नुका साथै कोशी प्रदेश सरकारसँगको साझेदारीमा सङ्ग्रहालय स्थापना गरेपछि यस क्षेत्रबारे थप चासो बढेको अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुरातत्व विभागले हिलिहाङ दरबार क्षेत्रको पुरातात्विक सम्पदाबारे खोजी गरिरहेको छ । समुद्री सतहबाट एक हजार ८२० मिटर उचाइमा पर्ने हिलिहाङ दरबार क्षेत्र जङ्गलको बीचमा अवस्थित छ । शान्त, एकान्त र सुन्दर हरियालीमा अवस्थित यस पर्यटकीय क्षेत्रसम्म गाउँपालिकाको पहलमा सडक विस्तार भएपछि पर्यटकको आवागमन सहज भएको छ । गाउँपालिकाले पाँच वर्ष अघिदेखि राजा हिलिहाङको जन्मोत्सव मनाउन थालेको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार हिलिहाङ दरबार क्षेत्रलाई पर्यटकको आकर्षण बनाउने, हिलिहाङ राजाको शासनकालका सामग्री सङ्कलन गरी सङ्ग्रहालयमा राख्ने प्रयास भइरहेको छ । दरबार क्षेत्रसँगै जोडिएको भोटेगढीसहित पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास र प्रचारप्रसारमार्फत पर्यटन प्रवर्द्धन गर्न पालिकाले लगानी गरिरहेको उहाँले बताउनुभयो ।

"नेपाल एकीकरणका क्रममा तत्कालीन गोरखा फौजसँग हिलिहाङको फौज १७ पटकसम्म अपराजित रहेको विश्वास गरिन्छ । तर विसं १८३१ साउनमा राजा हिलिहाङले नेपाल एकीकरण अभियानलाई सहजीकरण गर्दै याङवरक थुम (जिल्ला)लाई नेपाल मातहत राखी स्वशासनको अधिकार लिनुभएको इतिहास छ । विसं १८४२ मा हिलिहाङको अकस्मात मृत्यु भएपछि याङवरक थुम पूर्णतः नेपाल मातहतमा गाभियो । यही आधारमा हिलिहाङलाई लिम्बूवानका अन्तिम राजा भन्ने गरिन्छ", अध्यक्ष अधिकारीले भन्नुभयो । पराक्रमी मानिने राजा हिलिहाङको निधनपछि उहाँसँग रुष्ट पक्षले दरबार र राज्यसत्तामा दखल दिएकाले दरबारको संरक्षण हुन नसक्दा भत्किएको यहाँका ज्येष्ठ नागरिक बताउँछन् । अध्यक्ष अधिकारीका अनुसार उक्त दरबारमा प्रयोग भएका इँटा र सो समयमा लगाइएका पर्खालहरू अझैपनि दरबार परिसरमा छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com